स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



गायक हिमाल सागर र एलिना चौहानको स्वर रहेको नयाँ गीत "ताकधिन् ताकधिन्" सार्वजनिक भएको छ। लोक-आधुनिक शैलीमा तयार गीत मार्फत हिमाल र एलिनाले पहिलोपटक गायनमा सहकार्य गरेका हुन्। गीतमा शब्द तथा संगीत नृपेश उप्रेतीको छ। प्रेमिल र जनजिब्रोमा झुण्डिने खालको गीतको म्युजिक भिडियो निर्देशन शक्ति प्रज्ज्वल घिमिरेले गरेका छन्।

**आजको विचार...**



सुशासन...
(दुई पेजमा)

कमल सुवेदी



"जारी" जोडी दयाहाङ राई र मिरुना मगरको मुख्य भूमिका रहने फिल्म "रातो घेरा : द रेड सर्कल" आगामी मंसिर १८ गतेबाट प्रदर्शनमा आउने भएको छ। बिहीबार पाटनस्थित बंगलामुखी मन्दिरमा फिल्मको शुभ मुहूर्त गर्दै प्रदर्शन मितिबारे जानकारी गराइएको हो। फिल्मको छायांकन भने यही असार २५ गतेबाट सुरु हुनेछ। "घरज्वाइँ" र "मितज्यू"का निर्देशक अनिल बुढा मगरको निर्देशनमा फिल्मलाई दुई श्रृंखलामा निर्माण गर्ने योजना रहेको उनले बताए ।

❒ वर्ष ३१ ❒ अंक ३३७ ❒ २०८३ असार २१ गते आइतबार 5 July 2026, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# पाँच वर्ष बित्दा पनि गुल्मी अस्पताल भवन अपूरो

## म्यादमाथि म्याद थपिँदै, बिरामी सेवा प्रभावित




**हाम्रा संवाददाता/रासस**

**गुल्मी,** असार २०/पाँच वर्षअघिदेखि निर्माण सुरु भएको गुल्मी अस्पतालले अझै पूर्णता पाउन सकेको छैन । जिल्ला सदरमुकाम तम्घासमा निर्माणाधीन ५० शैयाको अस्पताल बनाउन चार पटकसम्म म्याद थप गरिए पनि हालसम्म काम सम्पन्न नहुँदा अस्पतालमा आउने बिरामी समस्यामा परेका छन् ।

लामो समयसम्म भवन निर्माणमा ढिलाइ हुँदा अस्पतालको सेवा विस्तार प्रभावित हुनुका साथै दैनिक सेवा प्रवाहमा समस्या परेको अस्पताल विकास समितिका अध्यक्ष राजेन्द्रप्रसाद पाण्डेले बताए । विसं २०७८ असार १८ गते स्वच्छन्द-बानियाँ जेभी, मकवानपुरले उक्त अस्पतालको नयाँ भवन निर्माणको जिम्मा लिएको थियो । रु २५ करोड ९४ लाख लागतमा निर्माण हुन लागेको भवन तोकिएको समयमा सम्पन्न नभएपछि पटकपटक म्याद थप गर्नुपरेको हो । सघन सहरी तथा भवन निर्माण आयोजना पाल्पाका सूचना अधिकारी पुष्पराज भट्टका अनुसार हालसम्म भवनको भौतिक प्रगति ८५ प्रतिशत र वित्तिय ७२ प्रतिशत भएको छ । सम्झौताअनुसार निर्माण कम्पनीले विसं २०८० असार १७ गतेभित्र काम सम्पन्न गर्नुपर्नेमा निर्धारित समयमा काम नसकिएपछि पहिलो पटक विसं २०८० असार १८ देखि पुस १७ गतेसम्म म्याद थप गरिएको थियो । दोस्रो पटक विसं २०८० पुस १८ देखि विसं २०८१ पुस १७ गतेसम्म, तेस्रो पटक विसं २०८१ पुस १८ देखि विसं २०८२ कात्तिक ७ गतेसम्म र चौथो पटक विसं २०८२ कात्तिक ९ गतेदेखि गत जेठ १७ सम्म म्याद थप गरिएको थियो । बाँकी काम सम्पन्न गर्न पाँचौँ पटक म्याद थप गर्ने प्रक्रियामा रहेको कार्यालयले जनाएको छ । "भवन बाहिरको संरचनालाई अन्तिम रुप दिन तथा ट्रान्सफर्मर, जेनेरेटर जडानलगायत काम अझै बाँकी छन् । निर्माण व्यवसायीले कम जनशक्ति राखेर निर्माण गरिरहेकाले पनि कामले गति लिएको छैन", सूचना अधिकारी भट्टले भने । उनका अनुसार निर्माण व्यवसायीलाई शीघ्र भवन सम्पन्न गराउन पत्राचार र ताकेता गर्दै आएको छ । भवन निर्माणमा भएको ढिलाइले अस्पतालको दैनिक सेवा सञ्चालनमा समस्या थपिएको छ । पचास शैययामा स्तरोन्नति भइसक्दा पनि पुरानै संरचनाबाट सेवा दिनुपरेकाले सेवाग्राही र स्वास्थ्यकर्मी दुवैले सास्ती भोग्नुपरेको अस्पताल प्रशासनले जनाएको छ । गुल्मी अस्पतालमा दैनिक २५० जनाभन्दा बढी बिरामीले सेवा लिँदै आएका अस्पतालका प्रमुख विभव बस्यालले जानकारी दिए । बिरामी जाँच गर्ने कोठा पर्याप्त नहुँदा एउटै कोठाबाट सेवा दिनुपर्ने बाध्यता रहेको उनले बताए । निर्माण कम्पनीले रङरोगन, विद्युतीय उपकरण जडान, फिनिसिङ्लगायत काम समयमा नगरिदिँदा सेवा प्रवाह प्रभावित हुँदै आएको उनको भनाइ छ । अस्पतालका प्रमुख बस्यालले निर्माण सुस्त गतिमा भइरहेकाले भवन अभावका कारण अस्पतालको सेवा विस्तार र व्यवस्थापनमा चुनौती थपिएको बताए । सघन उपचार कक्ष ( आइसियु) सञ्चालन तथा मिर्गौलाको डायलाइसिस सेवा विस्तार गर्न समस्या भइरहेको भन्दै बिरामीका लागि प्रतिक्षा गर्ने स्थान पनि अभाव रहेको उनको भनाइ छ । नयाँ भवन सम्पन्न भई सञ्चालनमा ल्याउनका लागि रेसुङ्गा नगरपालिकाले पनि पटकपटक निर्माण कम्पनीका प्रतिनिधिलाई ताकेता गरिरहेको रेसुङ्गा नगरपालिकाका प्रमुख खिलध्वज पन्थीले बताए । गुल्मी अस्पतालबाट हाल अर्घाखाँची, बागलुङ र प्युठानसम्मका बिरामीहरुले सेवा लिँदै आइरहेका छन् ।

## सङ्क्षिप्त समाचार

### आँधीका कारण डुङ्गा डुब्दा तीनको मृत्यु

**(रासस/सिह्न्वा)**

**न्युयोर्क,** असार २०/मेरिकाको विस्कन्सिन राज्यको दक्षिणी भागको जेनेभा तालमा गम्भीर मौसमको कारण डुङ्गा पल्टिएर दुर्घटना हुँदा तीन जना बालबालिकाको मृत्यु भएको जनाइएको छ । जेनेभा प्रहरी विभागले चार बच्चाहरू सहित १० जना सवार रहेको डुङ्गा तीव्र हावा र उग्र छालहरूको कारणले डुबाएको जनाएको छ । छ जना वयस्क र एक बालकलाई पानीबाट उद्धार गरिएको जनाउदै प्रहरीले अन्य तीन जना बालबालिकाको उद्धार प्रयासका बावजुद मृत्यु भएको पुष्टि गरेको छ । वालवर्थ काउन्टी अन्डरशेरिफ टम हाउसनरले दक्षिणी वालवर्थ काउन्टीमा दिउँसो शक्तिशाली आँधी आउदा ठुलो क्षति भएको बताइएको छ । लेक जेनेभा शहरका मेयर टोड क्राउसले दुर्घटना पछि आपतकालिन अवस्था घोषणा गरेका छन् । वालवर्थ काउन्टीले नजिकैका काउन्टीहरूमा कानून प्रवर्तन र विस्कन्सिन प्राकृतिक संसाधन विभागबाट सहयोग मागेको हाउसनरले बतएका छन् । यसै गरी मिडवेस्टमा आएको आँधीका कारण, धेरै अमेरिकी शहरहरूमा छुट्टी हुनुका साथै कार्यक्रमहरु रद्द गरेको मिडियाले रिपोर्ट गरेका छन् ।

## बर्डफ्लु सङ्क्रमणप्रति सचेत हुन आग्रह



**पाल्पा,** असार २०/ सरकारले देशभर फैलिएको बर्डफ्लुको सङ्क्रमणबाट बच्न उच्च सर्तकता अपनउन आग्रह गरेको छ । सक्रमण फैलिएपछि स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले बर्डफ्लु सङ्क्रमणबाट बच्न आवश्यक सतर्कता अपनाउँदै सुरक्षित रहन सबैलाई आग्रह गरेको हो ।

सङ्क्रमित, बिरामी वा मरेका पन्छीसँग प्रत्यक्ष सम्पर्क हुनेगरी काम/गतिविधि नगर्न सरोकार भएका सबैलाई आग्रह गरिएको छ । त्यस्तै पन्छीको मासु र अण्डा राम्रोसँग पकाएर मात्र खान, मृत पन्छी देखिएमा नजिकको पशु सेवा निकायमा जानकारी गराउन पनि मन्त्रालयले आग्रह गरेको छ । पशु सेवा विभागका अनुसार अहिलेसम्म ११ जिल्लाका एक सय स्थानमा बर्डफ्लुको सङ्क्रमण देखिएको छ । सङ्क्रमित पन्छीलाई छुँदा वा समात्दा, पन्छीको दिसा, सिगानसँग सम्पर्क हुँदा, सङ्क्रमित पन्छबी राख्ने स्थान सफा गर्दा र मरेको पन्छीको मासु खाँदा बर्डफ्लु मानिसमा सर्ने गर्दछ ।

## रम्भाका १५ स्मार्ट आमाहरु सम्मानित



**कृष्ण पोखरेल**

**पाल्पा,** असार २०/जिल्लाको रम्भा गाउँपालिका भित्रका १५ स्मार्ट आमाहरु सम्मानित भएका छन् । पालिकाले निर्धारण गरेका विभिन्न सूचकको आधारमा छनोट भएका ५ वटा वडाका १५ जना आमाहरुलाई सम्मान गरेको हो ।

स्वस्थ आमा, स्वस्थ बच्चा सहित समृद्ध समाज निर्माण गर्दै पोषणमैत्री गाउँपालिका घोषणा गर्ने अभियान अन्तर्गत उनीहरुलाई सम्मान गरिएको गाउँपालिकाले जनाएको छ । आमाहरुलाई पालिकाले दोषल्ला ओढ्याएर,नगद १० हजार रुपैयाँ र स्वास्थ्य सामाग्रीबाट सम्मान गरेको हो । सुनौलो हजार दिनका आमाहरुबिच प्रतिष्प्रर्धा गराएर विभिन्न २२ वटा स्वास्थ्य सूचकको आधारमा, प्रति सूचक ५ अंकका दरले ११० अंक ल्याउने आमालाई स्मार्ट आमा घोषणा गरी गाउँपालिकाले सम्मान गरिएको जनाएको छ । स्वास्थ्य संस्थामा अनिवार्य प्रसुती भएको, गर्भवती भएको सुनिश्चित भएपछि फोलिक एसिड शुरु गरेको ३ महिना पछि जुकाको औषधी खाएको, कम्तीमा ४ पटक गर्भ जाँच गरेको, टी.डी खोप लगाएको, गर्भवती र सुत्केरी अवधीमा २२५ वटा आईरन र क्यालसियम खाएको, बच्चाको जन्मतौल २.५ केजी भन्दा माथी भएको, पिनसी जाँच ३ पटक गरेको, सुत्केरी पछि बच्चालाई पूर्णरुपमा स्तनपान गराएको र समयमै अन्य खानपान शुरु गरेको, प्रोटोकल अनुसार बच्चालाई पूर्ण खोप लगाएको, सूचक पुरा हुनुपर्दछ ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## खेतीयोग्य जमिनमा सिँचाइ पुर्‍याऊ

देशका अधिकांस स्थानमा अझै पनि सिचाइँ अभावका कारण धान रोपाइँ हुन सकेको छैन । पानी परे पनि मुल फुट्ने गरी आउन सकेको छैन् । जसका कारण सिचाइँ नभएका ठाउँहरुमा रोपाइँ हुन सकेको छैन् । जल सम्पदामा विश्वकै धनी देशमा गनिएर पनि धानखेती लगाउने समयमा सिँचाइ अभावमा रोपाइँले गति लिन नसक्नु दुर्भाग्य हो । अधिकांश किसान सिँचाइ सुविधा नपुग्दा आकासे पानीका भरमा धान रोपाइँ गर्न बाध्य छन् । अहिले देशभरमा धानखेती हुने योग्य जमिन १३ लाख ८२ हजार २ सय ६२ हेक्टर छ । यसमध्ये हालसम्म १ लाख ६६ हजार ९ सय ३ हेक्टरमा मात्रै रोपाइँ भएको छ । यो वर्षाको धान रोपाइँ गत वर्ष यही बेलाका तुलनामा हेर्दा झण्डै साढे तीन प्रतिशत बिन्दुले कम भएको छ । गत वर्ष मध्यअसारसम्म कुल खेतीयोग्य जमिनको १५.६२ प्रतिशत धान रोपाइँ सकिएको थियो ।

वर्षायाममा अत्यधिक पानी र हिउँदमा पानीको अभाव हुने अवस्थाले कृषि उत्पादनमा प्रत्यक्ष असर पारिरहेको छ । किसानले समयमै खेतमा पानी नपाउँदा बाली सुक्ने, उत्पादन घट्ने र आर्थिक नोक्सानी व्यहोर्नुपर्ने अवस्था बारम्बार देखिन्छ । जलस्रोतमा धनी देश भएर पनि त्यसको प्रभावकारी उपयोग गर्न नसक्नु विडम्बना हो । नदी, खोला, मुहान तथा वर्षाको पानीलाई वैज्ञानिक ढङ्गले व्यवस्थापन गरी सिँचाइ विस्तार गर्न सकिएमा कृषि उत्पादनमा उल्लेखनीय वृद्धि गर्न सकिन्छ । सरकारले सिँचाइ आयोजनाहरूलाई प्राथमिकता दिँदै समयमै सम्पन्न गर्नुपर्छ । स्थानीय तह, किसान समूह र सम्बन्धित निकायबीच समन्वय गरी नहर निर्माण, लिफ्ट सिँचाइ, पोखरी निर्माण तथा आधुनिक सिँचाइ प्रविधिको विस्तारमा जोड दिन आवश्यक छ । साथै, उपलब्ध सिँचाइ प्रणालीको नियमित मर्मत-सम्भार र दिगो व्यवस्थापनमा पनि उत्तिकै ध्यान दिनुपर्छ । सरकारले प्रत्येक वर्ष सिँचाइ सुविधा पुर्‍याउने भन्दै अर्बौं रुपैयाँ बजेट विनियोजन गरेपनि अझै धेरै किसान सिचाइँ सुविधाबाट बञ्चित छन् । उनीहरु धानबाली लगाउन हरेक वर्ष आकाशे पानीमा निर्भर हुनुपर्ने बाध्यता छ । जबसम्म पर्याप्त सिचाइँको सुविधा पुग्दैन तब सम्म बर्खे धान रोपाइँ गर्न किसानलाई आकाशतर्फ हेर्नुको विकल्प छैन । तसर्थ सरकारले सिचाइँ नपुगेका खेतीयोग्य क्षेत्रहरुमा तत्काल सिचाइँको व्यवस्था गर्नतर्फ ध्यान दिन जरुरी छ ।

### Opinion @ Social Network

बित्दै गरेको समय, झर्दै गरेको पात र
बदलिँदै गएको मान्छेले धेरै कुरा सिकाउँदो रहेछ।
*(सुवास पाण्डेको फेसबुक स्टाटसबाट www.facebook.com/Subash.Panday)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सुशासन र डेलिभरीको नयाँ यात्रा



## कमल सुवेदी

*भ्रष्टाचारविरुद्ध नाराहरू उठे, तर दण्डहीनताको संस्कृति कमजोर भएन । यही अनुभवले नागरिकमा राज्यप्रति निराशा, राजनीतिक नेतृत्वप्रति अविश्वास र सार्वजनिक संस्थाप्रति दूरी बढाउँदै लग्यो । जनादेशको मूल सन्देश स्पष्ट थियो- राजनीति अब सत्ताको प्रतिस्पर्धाभन्दा सेवा, सुशासन र परिणामको प्रतिस्पर्धामा रूपान्तरण हुनुपर्छ । यस जनादेशलाई आत्मसात् गर्दै सरकारले २०८२ साल चैत १३ गते मन्त्रिपरिषद्बाट 'शासकीय सुधारसम्बन्धी १०० कार्यसूची स्वीकृत गर्‍यो । यसले सरकारको कार्यदिशा, प्राथमिकता र प्रशासनिक संस्कृतिलाई पुनर्परिभाषित गर्ने महत्त्वाकांक्षी खाका प्रस्तुत गर्‍यो ।*

*'सरकारको मूल्या'न उसका भाषणले होइन, नागरिकले अनुभूति गरेका परिवर्तनले हुन्छ।'* यही मान्यतालाई व्यवहारमा उतार्ने प्रयासका रूपमा प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको सरकारले आफ्नो सय दिनलाई राज्य सञ्चालनको नयाँ संस्कृतिको प्रारम्भका रूपमा स्थापित गर्ने प्रयास गरेको छ । नेपालको लोकतान्त्रिक यात्राले सात दशकभन्दा बढी समय पार गरिसकेको छ । यस अवधिमा धेरै सरकार बने, धेरै प्रधानमन्त्री फेरिए, कैयौं नीति तथा कार्यक्रम सार्वजनिक भए, तर नागरिकको जीवनमा अपेक्षित परिवर्तन आउन सकेन । सरकार परिवर्तन भइरहे, तर शासन गर्ने शैली परिवर्तन भएन । मन्त्रालय फेरिए, मन्त्री फेरिए, नीति फेरिए, तर सेवा लिन सरकारी कार्यालय धाउने नागरिकको पीडा उस्तै रह्यो । विकास आयोजनाहरू वर्षौंसम्म अधुरै रहे । भ्रष्टाचारविरुद्ध नाराहरू उठे, तर दण्डहीनताको संस्कृति कमजोर भएन । यही अनुभवले नागरिकमा राज्यप्रति निराशा, राजनीतिक नेतृत्वप्रति अविश्वास र सार्वजनिक संस्थाप्रति दूरी बढाउँदै लग्यो । यही पृष्ठभूमिमा २०८२ फागुन २१ मा सम्पन्न आमनिर्वाचनबाट नेपाली जनताले नयाँ अनुहार मात्र रोजेका थिएनन्, उनीहरूले नयाँ शासनशैलीको खोजी गरेका थिए । जनादेशको मूल सन्देश स्पष्ट थियो- राजनीति अब सत्ताको प्रतिस्पर्धाभन्दा सेवा, सुशासन र परिणामको प्रतिस्पर्धामा रूपान्तरण हुनुपर्छ । यस जनादेशलाई आत्मसात् गर्दै सरकारले २०८२ साल चैत १३ गते मन्त्रिपरिषद्बाट 'शासकीय सुधारसम्बन्धी १०० कार्यसूचीङ्क स्वीकृत गर्‍यो । यो कार्यसूची सामान्य सरकारी कार्यक्रम मात्र थिएन । यसले सरकारको कार्यदिशा, प्राथमिकता र प्रशासनिक संस्कृतिलाई पुनर्परिभाषित गर्ने महत्त्वाकांक्षी खाका प्रस्तुत गर्‍यो । प्रत्येक मन्त्रालयलाई निश्चित समयसीमा, स्पष्ट जिम्मेवारी, मापनयोग्य कार्यसम्पादन सूचक र नियमित अनुगमन प्रणालीमा आबद्ध गर्ने निर्णय गर्दै सरकारले परिणाममुखी शासन प्रणालीलाई आफ्नो मूल कार्यशैली बनाउने घोषणा गर्‍यो । यो निर्णयको राजनीतिक अर्थ अत्यन्त गहिरो छ । नेपालमा पहिलो पटक सरकारको सफलताको मापन बजेट खर्चको प्रतिशत, उद्घाटन गरिएका योजनाको सङ्ख्या वा प्रचारात्मक कार्यक्रमले होइन, नागरिकले प्राप्त गरेको सेवाको गुणस्तर र समयमै प्राप्त भएको परिणामबाट हुने आधार निर्माण गर्न खोजिएको छ ।

**शासनको केन्द्रमा नागरिक**

लोकतन्त्रको मूल उद्देश्य नागरिकलाई राज्यको मालिक बनाउनु हो । तर विगतका अनुभवले धेरै नागरिकलाई राज्यको सेवाग्राहीभन्दा पनि राज्यको झन्झट बेहोर्ने पात्र बनाएको थियो। एउटा सामान्य नागरिकले नागरिकता बनाउन, राहदानी लिन, सवारीचालक अनुमतिपत्र प्राप्त गर्न वा व्यवसाय दर्ता गर्न अनेकौं कार्यालय धाउनुपर्ने, अनावश्यक कागजात स'लन गर्नुपर्ने, लामो लाइनमा बस्नुपर्ने र कतिपय अवस्थामा बिचौलियाको सहारा लिनुपर्ने अवस्था सामान्य बनेको थियो । सुशासनको वास्तविक अर्थ नागरिकलाई राज्यको ढोकासम्म धाउन नपर्ने व्यवस्था निर्माण गर्नु हो । यही सोचका साथ सरकारले नागरिक सेवा केन्द्र, फेसलेस सेवा प्रणाली, समयबद्ध सेवा, राष्ट्रिय परिचयपत्रमा आधारित एकीकृत सेवा तथा जुनसुकै जिल्ला प्रशासन कार्यालयबाट सेवा प्राप्त गर्न सकिने व्यवस्थालाई प्राथमिकता दिएको छ । साथै नागरिक गुनासो व्यवस्थापनका लागि २४ घण्टे बहुच्यानल प्रणाली तथा 'हेलो सरकार' लाई अझ प्रभावकारी बनाउने निर्णय गरिएको छ । यसले 'सरकार नागरिकका लागि हो' भन्ने लोकतान्त्रिक मूल्यलाई व्यवहारमा उतार्ने प्रयास गरेको छ । नागरिकलाई सेवा लिन बिचौलियाको आवश्यकता नपर्ने, लाइनमा दिनौं कुर्नु नपर्ने र सरकारी कार्यालयप्रति सकारात्मक अनुभव हुने आधार निर्माण गर्नु आफैंमा ठुलो परिवर्तन हो । विगतमा चार वर्षसम्म प्रिन्ट नभएका लाइसेन्स अहिले २४ घण्टाभित्र प्रिन्ट गरी वितरण गरिएको छ । त्यसैगरी हुलाक सेवाको स्तरोन्नति गरी नागरिकको घरमै पासपोर्ट पुग्ने व्यवस्था गरिएको छ, यो एउटा सकारात्मक कदम हो । सरकारले नागरिकलाई केन्द्रमा राखी सुशासन र डेलिभरीको योजना र कार्यक्रम अघि बढाएको छ ।

**प्रशासनिक सुधारः खर्च घटाउने, क्षमता बढाउने**

सार्वजनिक प्रशासनलाई चुस्त, प्रभावकारी र मितव्ययी बनाउने उद्देश्यले मन्त्रालयको सङ्ख्या घटाउने, दोहोरो संरचना हटाउने, कार्यसम्पादन मूल्या'नलाई परिणामसँग जोड्ने, कर्मचारीको डिजिटल प्रोफाइल तयार गर्ने तथा अनावश्यक प्रक्रिया हटाउने निर्णयहरू गरिएका छन् । सेवा प्रवाहलाई तीन तहभन्दा बढी स्वीकृतिमा नराख्ने र कार्यसम्पादन सूचकका आधारमा कर्मचारी मूल्या'न गर्ने व्यवस्था प्रशासनिक सुधारका महत्त्वपूर्ण कदम हुन् । राज्यको आकारभन्दा राज्यको क्षमता महत्त्वपूर्ण हुन्छ भन्ने मान्यतालाई यी सुधारहरूले बलियो बनाएका छन् ।

**डेलिभरीमा आधारित शासनः नयाँ राजनीतिक संस्कृतिको प्रारम्भ**

नेपालमा धेरै सरकारले नीति ल्याए, योजना बनाए, बजेट घोषणा गरे । तर नागरिकले अनुभूति गर्ने गरी सेवा प्रवाह सुधार गर्ने संस्कृतिको अभाव थियो । यसपटक सरकारले पहिलो प्राथमिकतामै परिणाममुखी शासनलाई राख्यो । प्रत्येक मन्त्रालयलाई समयसीमासहितका प्रमुख कार्यहरू निर्धारण गर्न, जिम्मेवार अधिकारी तोक्न र प्रगति प्रतिवेदन सार्वजनिक गर्न निर्देशन दिइयो । यसले सरकारभित्र उत्तरदायित्व र कार्यसम्पादन संस्कृतिको सुरुवात गरेको छ । यो प्रशासनिक सुधार मात्र होइन, यो राजनीतिक संस्कृतिको परिवर्तन हो । अब सरकारको सफलता भाषणले होइन, परिणामले मापन हुने आधार तयार भएको छ । रास्वपाले चुनावी वाचापत्रमा पाँच प्राथमिकता राखी नागरिक करार गरेको थियो । एक- सदाचार र असल शासन, दुई- मध्यम वर्गको विस्तार, तीन- काम, काम, काम, चार- कनेक्टिभिटी र पाँच- प्रवासलाई विशेष प्राथमिकतामा राखेको थियो । वाचापत्रदेखि बजेटसम्म आइपुग्दा सरकारले आफ्नो बोली र व्यवहारमा सामञ्जस्य कायम गरेको छ । सरकार बनेको सय दिनभित्र नै बर्दियाबाट सुकुम्बासीहरूलाई लालपुर्जा वितरणको कार्य प्रारम्भ भएको छ । सहकारी पीडितहरूको बचत फिर्ता गर्न सुरु गरिएको छ । प्रधानमन्त्रीले नेपालस्थित कूटनीतिक नियोगका राजदूतसँगको सामूहिक भेट र संवादले कूटनीतिक परिपक्वता र सन्तुलित परराष्ट्र नीति अवलम्बन गरेको देखिन्छ । राजदूतदेखि विश्वविद्यालयका पदाधिकारी नियुक्तिमा खुला प्रतिस्पर्धाको नीति अख्तियार गरेको छ । मेरिटोक्रेसीको जग बसाल्न 'हाम्रोलाई होइन राम्रोलाई' प्रतिस्पर्धाबाट नियुक्ति गरिँदै छ । यसले सत्ताको र नेताको चाकरी नगरी क्षमता र योग्यता प्रणालीअनुसार नियुक्ति हुन्छ भन्ने जनविश्वास बढ्दै गएको छ । वर्षौंसम्म थाती रहेका समस्याहरूलाई किनारा लगाउन केही समय त लाग्छ नै, तर सरकारको नीति, नियत र कार्यशैली स्पष्ट छ । सरकारले निराशाबाट आशा र अविश्वासबाट विश्वासको यात्रामा रूपान्तरण गर्दै छ । वर्षौंसम्म अधुरा र अपूरा विकास निर्माणका कार्य तीन वर्षभित्र पूरा गर्ने अठोट गरेको छ । सरकारले बजेटमार्फत थिति बसाल्ने स'ल्पका साथ पोलिसीदेखि प्रोग्रामसम्म प्याराडाइम सिफ्टको गति बढाएको छ । यही गतिमा सरकारले काम गर्दै गएमा आगामी पाँच वर्षमा मुलुकले सुशासन र समृद्धिको बलियो आधारशिला निर्माण गर्ने देखिन्छ । डिजिटल नेपालतर्फको निर्णायक पाइला २१औं शताब्दीको शासन डिजिटल प्रविधिबिना सम्भव छैन । सरकारले डिजिटल गभर्नेन्सलाई सूचना प्रविधिको विषयका रूपमा मात्र नभई सुशासनको माध्यमका रूपमा लिएको देखिन्छ । 'एक पटक विवरण, सधैंका लागि प्रयोग' स्वत: विवरण भरिने प्रणाली, राष्ट्रिय डिजिटल शासन प्लेटफर्म, डिजिटल हस्ताक्षर, फाइल ट्र्याकिङ प्रणाली, डिजिटल प्रमाणपत्र तथा नागरिक एपमार्फत सरकारी सेवा प्राप्त गर्ने व्यवस्थाजस्ता सुधारहरूले भविष्यको स्मार्ट सरकारको आधार तयार गरेका छन् । जनताले सरकारसँग चमत्कार होइन, इमानदार प्रयास खोजिरहेका छन्। उनीहरूलाई भाषणभन्दा सेवा, आश्वासनभन्दा परिणाम र सत्ता परिवर्तनभन्दा शासन परिवर्तन चाहिएको छ । यही अपेक्षालाई सम्बोधन गर्ने साहसिक सुरुवात सरकारले गरेको छ । अबको यात्रा अझ चुनौतीपूर्ण हुनेछ । सुधारलाई संस्थागत गर्न, कानुनलाई व्यवहारमा उतार्न, प्रशासनलाई उत्तरदायी बनाउन र नागरिकलाई प्रत्यक्ष लाभ पुर्‍याउन सके मात्र यो १०० दिने यात्रा इतिहासमा सफल शासन सुधारको प्रारम्भका रूपमा दर्ज हुनेछ ।

**सुशासनको मानक**

नागरिकले सम्मानका साथ समयमै सेवा पाउनु, राज्यप्रति विश्वास बढ्नु, लगानीकर्ता ढुक्क हुनु, कर्मचारी उत्तरदायी हुनु र सरकारले बोलेको कुरा समयमा पूरा गर्नु हो । यही संस्कृतिको निर्माण नै आजको नेपालको सबैभन्दा ठूलो राजनीतिक आवश्यकता हो । यदि यो यात्रा निरन्तर अगाडि बढ्यो भने सरकारका पहिलो १०० दिन नेपाल निर्माणको आधारशिला बन्नेछन् । देश बनाउँछु भन्दै उदाएका, तर सत्तामा पुगेपछि बिग्रेका दलहरूको लामै इतिहास छ । त्यसबाट रास्वपाको नेतृत्वको सरकारले शिक्षा लिँदै सरकार, संसद् र पार्टीभित्र भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति लिई सुसंस्कृत राजनीतिक अभ्यास अवलम्बन गर्न ढिलाइ गर्नुहुँदैन। इतिहासमा विरलै प्राप्त झन्डै दुईतिहाइको जनादेश पाएको सरकारले जनभावना बुझी जनअपेक्षा पूरा गर्ने दिशामा सरकार अघि बढोस्, सय दिनको शुभकामना ।

*-अनलाइन खबर डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : जीवनमा सफलता मिल्नेछ। आफन्तहरूको मध्य रमाइलो समय बित्नेछ। | **तुला**: मनमा नकारात्मक विचार आउनेछ। समयमा मित्रहरूको सहयोग मिल्नेछ। |
| **वृष** : पेशामा मिठो बोल्ने प्रयास गर्नुहोस्। छरछिमेकीको सहयोग मिल्नेछ। | **वृश्चिक** : कारोबार योजनाहरू बन्नेछन्। बुद्धिको उपयोगले लाभ उठाउन सकिनेछ। |
| **मिथुन** : व्यापार व्यवसायमा रिसाएका मित्रहरूलाई सन्तुष्ट गर्न सकिनेछ। | **धनु** : चालिएको कदम लाभदायक बन्नेछ। आर्थिक व्यवस्थित गर्ने समय आएको छ। |
| **कर्कट** : शुभचिन्तकको सल्लाह लिनुहोस्। स्वास्थ्यमा ध्यान राख्नुहोला। | **मकर** :केही चुनौती आए पनि धैर्य नगुमाउँदा आफ्नै पक्षमा मोडिन सक्छ। |
| **सिंह** : साहित्यको क्षेत्रमा सफलता मिल्नेछ। प्रेम सम्बन्ध सुमधुर रहनेछ। | **कुम्भ** : समय निकै उपयोगी बन्न सक्छ। हतारभन्दा संयमले राम्रो साथ दिनेछ। |
| **कन्या** : कानुनी मामलाहरू सुल्झिनेछन्। आफ्नो सामाजिक स्तर बढाउन सक्नुहुनेछ। | **मीन** : नयाँ वातावरणसँग जोडिने अवसर आउनेछ। स्वास्थ्यलाई लिएर सचेत रहनुहोस्। |

# कृषि

## नेपालमै सहजै रासायनिक मल उत्पादन सम्भव छ



संयुक्त राष्ट्रसैसम्बद्ध दुई निकाय विश्व खाद्य तथा कृषि सङ्गठन (एफएओ) तथा विश्व स्वास्थ्य सङ्गठन (डब्लूएचओ) का अनुसार अहिले विश्वको जनसङ्ख्यालाई खुवाउनका लागि दैनिक करिब १८ देखि २० हजार अर्ब क्यालोरीसम्म खाद्य ऊर्जा आवश्यक पर्दछ । यस परिमाणको ऊर्जा उत्पादनका लागि दैनिक एक करोड ४० देखि ५० लाख मेट्रिक टन खाद्यवस्तु आवश्यक पर्दछ । यसो हुँदा वर्षमा करिब पाँच अर्ब टनभन्दा बढी खाद्यवस्तु आवश्यक पर्ने भयो । एफएओको तथ्याङ्कअनुसार हाल विश्वमा १० अर्ब मेट्रिक टन खाद्यवस्तु उत्पादन हुन्छ । यसमा खाद्यान्न, फलफूल, तरकारी तथा पशुजन्य उत्पादनलगायत दैनिक उपभोग्य वस्तु पर्दछन् । उत्पादितमध्ये करिब ३० प्रतिशत खाद्यवस्तु मात्र मानव खाद्यका लागि खर्च हुन्छ । बाँकी रहेकोमा करिब ३० प्रतिशत खाद्यवस्तु पशुपन्छीको आहारमा खर्च गरिन्छ । करिब ३० प्रतिशत भाग प्रशोधन, आपूर्ति तथा उपभोगका क्रममा खेर जान्छ । बाँकी रहेको करिब १० प्रतिशत जति खाद्यवस्तु जैविक इन्धन उत्पादनमा खर्च हुन्छ ।

**दक्षिण एसियाको अवस्था**

विश्वको खाद्यवस्तुको करिब ४० प्रतिशत हिस्सा एसियाले ओगटेको छ । यसमध्ये चीनले २५ प्रतिशत ओगट्दा १२ प्रतिशत खाद्यवस्तु मात्र दक्षिण एसियामा उब्जाइन्छ । तर यस क्षेत्रको जनसङ्ख्या भने विश्वको २५ प्रतिशत हाराहारी छ । यहाँ ठूलो सङ्ख्यामा मानिसहरू खाद्यान्नको अभावमा बाँचेका छन् । 'डब्लूएचओ'का अनुसार करिब ४२ प्रतिशत दक्षिण एसियालीहरू आवश्यक पौष्टिक आहारबिनै जीवन निर्वाह गरिरहेका छन् । त्यसमध्ये पनि २० प्रतिशत मानिसहरू त एक छाक मात्र खान पाउँछन् ।

**नेपालको अवस्था**

नेपालमा वार्षिक एक करोड ६० देखि ८० लाख मेट्रिक टन खाद्यवस्तु उत्पादन गरिन्छ । यसमा एक करोड १५ लाख टन खाद्यान्न, ४५ लाख टन जति तरकारी, १५ लाख टन फलफूल र चार लाख ५० हजार टन माछामासु उत्पादन हुन्छ । यी खाद्यवस्तुबाट दैनिक सरदर ६० अर्ब क्यालोरी ऊर्जा उत्पादन हुन्छ । नेपालको जनसङ्ख्यालाई दैनिक ६६ अर्ब क्यालोरी खाद्य ऊर्जा आवश्यक पर्दछ । यसरी हेर्दा करिब ६ अर्ब क्यालोरी कम हुने गरेको एफएओकै तथ्याङ्कले दर्शाउँछ । खाद्यान्नमा कमी आउने क्रम भने बर्सेनि बढ्दै गएको छ । एफएओले सन् २०२५ डिसेम्बरमा प्रकाशित गरेको तथ्याङ्कअनुसार अघिल्लो वर्षका तुलनामा सन् २०२६ मा २० प्रतिशतले खाद्यान्न आयात वृद्धि गर्नुपर्ने देखिन्छ । यस तथ्याङ्कअनुसार सन् २०२६ मा नौ लाख टन चामल, पाँच लाख ५० हजार टन मकै र दुई लाख २५ हजार टन गहुँ आयात गर्नुपर्ने देखिन्छ । आजकै दिन नेपालीलाई यथेष्ट खाद्यवस्तु उपलब्ध गराउन कृषि उपजमा २० प्रतिशतले वृद्धि गर्नुपर्ने देखिन्छ । खाद्यवस्तुको उत्पादन वृद्धिका लागि आवश्यक वस्तुमध्ये मल र बिउ नै सबैभन्दा प्राथमिक तत्त्व हुन् । रासायनिक मलको प्रयोगका कारण नेपालमा खाद्यान्न उत्पादनमा ५० प्रतिशतभन्दा बढी वृद्धि भएको तथ्याङ्क छ । सन् १९६०/७० को दशकमा रासायनिक मलको प्रयोग नहुँदा खाद्यान्न उत्पादन दर प्रतिहेक्टर २ टन मात्रै थियो । त्यतिबेला जम्मा ६३ लाख टन मात्रै खाद्यवस्तु उत्पादन हुन्थ्यो । यो क्रम बढेर सन् २०२३ मा आइपुग्दा प्रतिहेक्टर खाद्य उत्पादन ३.५ टनका दरमा उक्लियो । जसबाट वार्षिक एक करोड १५ लाख टन खाद्यवस्तु प्राप्त हुन थाल्यो । रसायनको उपयोगपछि खाद्यान्न उत्पादन ४८ लाख टन थप भयो । यस अवधिमा खाद्यवस्तुको उत्पादनमा ७७ प्रतिशतको वृद्धि भएको एफएओको तथ्याङ्कले देखाएको छ । अहिले नेपालले रासायनिक मल आयात गर्दै आएको छ । आयातमा लामो समय लाग्ने तथा खरिदकै क्रममा मूल्य वृद्धि हुँदा आवश्यक परेका बेला किसानलाई मल उपलब्ध गराउन सकिएको छैन । मल खरिदमा देखिएको आन्तरिक तथा बाह्य अड्चनका कारण सरकारले नेपालमै रासायनिक मल उद्योग स्थापनाको पहल गर्दै आएको छ । सन् २०२४ र २५ को तथ्याङ्क हेर्दा नेपालले रासायनिक मल खरिदका लागि २० करोड अमेरिकी डलर खर्च गरेको देखिन्छ । नयाँ कृषिमन्त्रीलाई मलका लागि करिब ५० अर्ब रुपैयाँ आवश्यक पर्ने मन्त्रालयका अधिकारीहरूले जानकारी गराएको समाचार पनि सार्वजनिक भइसकेकै छ । यस पटक माग गरिएको बजेट बराबरको रकम खर्च गर्दा नेपालमै उद्योग स्थापना गर्न सकिने बताइए पनि त्यो काम अपेक्षाकृत सहज भने छैन । रासायनिक मलमध्ये पनि 'नाइट्रोजन' अथवा 'युरिया' सबैभन्दा महत्त्वपूर्ण छ । यसले बिरुवाका लागि चाहिने मुख्य खाद्य तत्त्व प्रदान गर्छ । सामान्य वैज्ञानिक सिद्धान्तअनुसार युरिया उत्पादनका लागि एमोनिया आवश्यक पर्दछ । एमोनिया उत्पादनका लागि हाइड्रोजन ग्यास आवश्यक पर्दछ । हाइड्रोजन विभिन्न किसिमले उत्पादन गर्न सकिन्छ । जैविक ग्यास दहन, पानीलाई इलेक्ट्रोलाइसिस प्रविधिमार्फत टुक्राएर तथा कोइला दहनमार्फत पनि हाइड्रोजन प्राप्त गर्न सकिन्छ । आजको अवस्थामा ग्यास र कोइलाको विकल्पबारे नेपालमा सोच्नै सकिन्न भन्दा हुन्छ । पानीलाई 'इलेक्ट्रोलाइसिस' गरेर हाइड्रोजन उत्पादन गर्ने प्रक्रिया नेपालका लागि उपयुक्त जस्तो देखिन्छ । तर एक किलोग्राम हाइड्रोजन उत्पादनका लागि प्रतिघण्टा ५५ किलोवाट जलविद्युत् आवश्यक पर्दछ । एक केजी हाइड्रोजनबाट १० केजी युरिया उत्पादन गर्न सकिने वैज्ञानिक तथ्य छ । यस अर्थमा हाल नेपालमा आवश्यक पर्ने पाँच लाख टन युरिया उत्पादनका लागि ५० हजार टन हाइड्रोजन आवश्यक पर्दछ । यसका लागि प्रतिघण्टा २५ लाख किलोवाट बिजुली आवश्यक पर्दछ । तत्कालका लागि यो विकल्प पनि नेपालका लागि सम्भव छैन । यो सबै परिस्थितिमा प्रश्न उठ्छः के नेपालमा कहिल्यै मल उत्पादन गर्न सम्भव छैन ? निश्चय पनि सकिन्छ । यसको सजिलो उपाय पनि छ । त्यो उपाय हो- घरेलु फोहोरबाट हाइड्रोजन निकालेर त्यसबाट युरिया निकाल्ने पद्धति । सहरमा पाइने फोहोरमा जैविक अवशेष तथा प्लास्टिक मिसिएको हुन्छ । यसलाई सीमित मात्रामा अक्सिजनको पहुँचमा राखी एक हजारदेखि १५ सय डिग्री सेल्सियस तापक्रममा तताउँदा 'सिन ग्यास'मा परिणत गर्न सकिने वैज्ञानिक तथ्य छ । सिन ग्यासबाट हाइड्रोजन उत्पादन गर्न सकिन्छ । यसलाई 'ग्यासिफिकेसन' प्रक्रिया भनिन्छ । तर यो प्रक्रिया सरल भने छैन । यसबारे विश्वमा कैयौँ अनुसन्धान आलेखहरू प्रकाशित छन् । पछिल्लो अनुसन्धान आलेख साइन्स डाइरेक्ट जर्नलको (सन् २०२६) मार्च अङ्कमा प्रकाशित छ । चीनका प्राध्यापकहरूले गरेको अनुसन्धानअनुसार हाल चीनको हुबेई प्रान्तमा यस प्रविधिबाट हाइड्रोजन उत्पादन कार्य सुरु गरिएको छ । यो परियोजनाबाट सन् २०३५ सम्ममा तीन लाख ५० हजार टनभन्दा बढी हाइड्रोजन उत्पादन गरिने उनीहरूको ठहर छ । यसैगरी दक्षिण कोरियाको हुन्डाई मोटर कम्पनीले वर्षमा ३० हजार टन हाइड्रोजन उत्पादन गर्ने लक्ष्यसाथ काम गर्दै आएको छ । अमेरिकी वातावरण संरक्षण एजेन्सी (इपिए) का अनुसार हाल विश्वमा ११७ वटा ग्यासिफिकेसन केन्द्रहरू सञ्चालनमा आएका छन् । तिनीहरूमध्ये ३६ प्रतिशतले इन्धन, १९ प्रतिशतले बिजुली र ४३ प्रतिशतले अन्य रसायन उत्पादन गर्दै आएको इपिएको तथ्याङ्क छ । एक हेक्टर जमिन खोज्न सरकारले अर्को जिल्लाका निमुखा जनताको जमिन ताक्नु पनि पर्दैन । फोहोर सङ्कलन र ओसारपसारलाई व्यवस्थित तरिकाले अघि बढाइने अमेरिकी नेपालीहरू बताउँछन् । यसबाट फोहोरको समस्या सधैँका लागि अन्त्य हुन्छ भने रासायनिक मलको समस्या पनि सधैँका लागि अन्त्य हुन्छ । फोहोर उत्पादन गर्ने सर्वसाधारण, विद्यालय, कालीमाटी जस्ता हाटबजार, अस्पताललगायतका सार्वजनिक सैसंस्थाहरूसमेत उद्योगका मालिक बन्छन् । स्थानीय साझेदारले लगानी गर्नुपर्ने १० प्रतिशत रकममा उनीहरूलाई सेयरको स्वामित्व दिलाउन सकिन्छ । त्यसो गर्दा सरकारले एक रुपैयाँ पनि लगानी गर्नुपर्दैन । काठमाडौँको यस सिकाइलाई देशका अन्य स्थानीय निकायले पनि पाठका रूपमा लागू गर्ने अवस्था बन्दा रासायनिक मलका लागि सैँय सरकारको मुख ताक्नुपर्ने दिनको अन्त्य हुन्छ । बदलिएको राजनीतिक परिस्थिति र आम जनताको अपेक्षाको माहोलमा सरकारले इच्छाशक्ति देखाउँदा मल कारखाना तुरुन्तै स्थापना गर्न सकिन्छ ।

*-रातोपाटी डटकम*

## पिरोमा 'गुलियो' खुसी



स्वदेशमा सम्भावना नदेखेर रोजगारीको खोजीमा युवा पुस्ता विदेश पलायन भइरहेका बेला चितवनका एक अनुभवी किसानले भने माटोमै पसिना बगाएर आर्थिक समृद्धिको एउटा अब्बल उदाहरण प्रस्तुत गरेका छन् । खैरहनी नगरपालिका-१०, समानपुरका किसान नवीनकुमार श्रेष्ठले शिक्षा संकायमा स्नातक (बीएड) उत्तीर्ण गरेपछि सुरु गरेको शिक्षण पेसा त्यागेर व्यावसायिक रूपमा गरेको पिरो खुर्सानीखेतीबाट अहिले वार्षिक लाखौँ रुपैयाँ आम्दानी मात्र गरिरहेका छैनन्, गाउँका धेरै युवा तथा स्थानीयलाई रोजगारीसमेत दिएका छन्। दुई दशकभन्दा लामो समयदेखि पुर्ख्यौली पेसालाई आधुनिक र व्यवसायीकरण गरेर आर्थिक रूपमा आत्मनिर्भर बनेका श्रेष्ठ यतिबेला जिल्लाकै एक सफल र आदर्श कृषकका रूपमा स्थापित छन् । केही समय शिक्षक भएर विद्यार्थी पढाउने श्रेष्ठको दैनिकी अहिले निकै फेरिएको छ । जागिरको सीमित तलब र घेराभन्दा आफ्नै खेतको माटोले बढी सन्तुष्टि दिने महसुस भएपछि उनी शिक्षण पेसा छाडेर पूर्ण रूपमा कृषिकर्ममा होमिएका हुन् । छ वर्षसम्म शिक्षण पेसामा बिताएका उनी अचेल हातमा कृषि औजार लिएर आफ्नै पिरो खुर्सानीको बगानमा व्यस्त भेटिन्छन् । विसं २०५६ देखि नै आंशिक रूपमा तरकारीखेतीमा जोडिएका श्रेष्ठले २०७२ सालदेखि भने व्यावसायिक रूपमा पिरो खुर्सानीलाई मुख्य प्राथमिकता दिँदै आएका छन् । उनले अहिले झन्डै २५ कठ्ठा जग्गामा बुलेट र लामो जातका खुर्सानीहरू लगाएका छन् । "पहिलेपहिले यहाँबाट झन्डै २६ किलोमिटर टाढासम्म साइकलमा तरकारी बोकेर बेच्न जानुपर्थ्यो, "पुराना दिन सम्झिँदै श्रेष्ठ भन्छन्, "तर आजकाल त्यस्तो अवस्था छैन, व्यापारीहरू बारीमै आउँछन् र खेतबाटै खुर्सानी तथा तरकारी बिक्री हुन्छ ।" नेपाली बजारमा भारतीय खुर्सानीको ठूलो दबदबा रहे पनि श्रेष्ठको उत्पादनले बजारमा छुट्टै पहिचान बनाएको छ । भारतीय खुर्सानीको तुलनामा रैथाने उत्पादन ताजा र गुणस्तरीय हुने भएकाले उनको खुर्सानीले बजारमा अन्यको भन्दा बढी मूल्य पाउने गरेको छ । उनले उत्पादन गरेको खुर्सानी चितवनको नारायणगढ, टाँडी, पर्सादिखि राजधानी काठमाडौँसम्म पुग्ने गर्दछ । "अरू किसानले यहाँ खासै पिरो खुर्सानी लगाउँदैनन्, त्यसैले मलाई बिक्रीमा कहिल्यै समस्या भएन । कुनै दिन पनि खुर्सानी बिकेन भनेर घरमा थन्क्याएर राख्नुपरेको छैन ।" गत वर्ष बढी भएर बोटमै पाकेको खुर्सानीलाई सुकाएर रातो बनाई झन्डै एक लाख रुपैयाँको त सुकेको खुर्सानी मात्रै बिक्री गरेको उनले बताए । उनका अनुसार यो १२ महिना नै उत्पादन हुने सदाबहार र खेती गर्न सबैभन्दा सजिलो बाली हो । खुर्सानीखेतीबाट श्रेष्ठले लोभलाग्दो आम्दानी गरिरहेका छन् । गत वर्ष मात्रै उनले २५ कठ्ठा जग्गाबाट रु २३ लाख बराबरको खुर्सानी बेचे। जसमा मल, बीउ, ज्याला लगायतका सबै खर्च कटाएर उनले रु १२ लाख खुद नाफा (बचत) गरे । कृषिबाट उनले आफ्नो आर्थिक अवस्था मात्र सुधार्नुभएको छैन, स्थानीय तहमा रोजगारी सिर्जना गरेका छन् । उनको कृषि फार्ममा दैनिक १० देखि १२ जना स्थानीयले नियमित रोजगारी पाइरहेका छन् । श्रेष्ठले वार्षिक रूपमा रु १० लाखभन्दा बढी रकम त कामदारको ज्यालामै खर्च गर्ने गरेका छन् । "परिवार अनि म आफैँ पनि खेतमा खट्छु र गाउँका अन्य दाजुभाइ, दिदीबहिनीलाई पनि काम दिएको छु । उनीहरूले पनि काम पाएका छन्, मलाई पनि फाइदा भएको छ", उनी भन्छन् । तरकारीखेतीकै कमाइबाट श्रेष्ठले आफ्नो पुर्ख्यौली सम्पत्तिलाई विस्तार गर्दै व्यवसायलाई अझ फराकिलो बनाएका छन् । उनले अहिले कृषकहरूलाई मल-बीउ र परामर्श दिन नवीन एग्रो सेन्टर र राइस एण्ड तोरी मिल सञ्चालन गरिरहेका छन् । आफू मात्र नभई उनले गाउँका अन्य किसानलाई आइपर्ने समस्या र प्राविधिक सहयोग समेत गर्दै आएको छ । बुवाआमा, श्रीमती र दुई छोरीसहितको उनको छ जनाको परिवार अहिले यही कृषिकर्मको बलियो जगमा खुसीसाथ टिकेको छ । स्वदेशमा सम्भावना नदेखेर विदेश पलायन हुने युवा पुस्ताका लागि श्रेष्ठ एक प्रेरणाको स्रोत बनेका छन् । आफ्नै माटोलाई माया गरेर पसिना बगाउने हो भने विदेशमा भन्दा बढी आम्दानी र आत्मसम्मान स्वदेशमै पाउन सकिन्छ भन्ने प्रमाणित गर्दै उनी भन्छन् । सही योजना र जाँगर चलाउने हो भने नेपालकै कृषिमा भविष्य निकै उज्यालो छ भन्ने कुरा श्रेष्ठको भनाइले प्रमाणित गर्छ । *-रासस*

## अकबरे खुर्सानीले बदल्यो ग्रामीण अर्थतन्त्र



केही वर्ष अघिसम्म भोजपुरका ग्रामीण बस्तीहरू क्रमशः रित्तिँदै गएका थिए । विदेशिने युवाको लहर, शहरतर्फको बसाइँ-सराइ तथा कृषि पेशाप्रतिको घट्दो आकर्षणले गाउँहरू सुनसान बन्दै गएका थिए । खेतीयोग्य जमिन बाँझिँदै जाँदा घरहरूमा वृद्ध-वृद्धा मात्रै बस्न थालेका थिए । तर पछिल्ला वर्षमा त्यही उदास दृश्य विस्तारै बदलिन थालेको छ । कोभिड-१९ महामारीपछि गाउँ फर्किएका युवा तथा विदेश जान नपाएका धेरै परिवारले पुनः जमिनलाई जीवन दिन थालेका छन् । यही पुनर्जीवनको केन्द्र बनेको छ अकबरे खुर्सानी । पौवादुङ्मा गाउँपालिका, अरुण गाउँपालिका तथा भोजपुर नगरपालिकाका विभिन्न वडामा अहिले अकबरे खुर्सानीको हरियाली फैलिएको छ । पहिले बाँझो रहेका खेतबारीहरू अहिले रातो खुर्सानीले रंगिएका छन् । कतिपय ठाउँमा लहरै रोपिएका बोटहरूले गाउँ नै हरियो टनेलजस्तो देखिन थालेको छ । परम्परागत खेतीबाट खासै आम्दानी नहुने, मकै-धान जस्ता बाली जंगली जनावरको समस्याले नष्ट हुने अवस्थाबीच किसानहरूले विकल्प खोजिरहेका थिए । त्यही विकल्प बनेको हो-अकबरे खुर्सानी । यस परिवर्तनको नेतृत्वकर्ता मानिन्छन् जीवन राउत । कोभिडअघि ट्राभल व्यवसायमा सक्रिय राउत महामारीपछि गाउँ फर्किए । गाउँको अवस्था देखेपछि उनले परम्परागत खेतीभन्दा छिटो आम्दानी दिने नगदेबालीको खोजी थाले । गाउँलेसँग छलफलपछि उनले अकबरे खुर्सानीलाई व्यावसायिक रूपमा विस्तार गर्ने योजना अघि सारे। शुरूआतमा धेरै किसान हिच्किचाए पनि उनले आश्वासन दिए । 'तपाईंहरू जति उत्पादन गर्न सक्नुहुन्छ गर्नुहोस्, बजारको जिम्मा मेरो हुन्छ,' उनले भनेपछि गाउँमा परिवर्तन प्रारम्भ भयो । केही किसानले शुरू गरेको खेती विस्तारै सामूहिक अभियानजस्तै बनेको छ । किसानहरूका अनुसार अकबरे खुर्सानीले छोटो समयमै आम्दानी दिन थालेको छ । तीन महिनामै बिक्रीयोग्य उत्पादन हुने भएकाले यो खेती गाउँको प्रमुख नगदेबाली बनेको छ । पहिले मकै-कोदोले मुस्किलले घर-खर्च धान्ने जमिनबाट अहिले लाखौँ रुपैयाँको उत्पादन हुन थालेको छ । धेरै परिवारले आफ्नै खेतबारीमा अकबरे लगाएर नियमित आम्दानी लिन थालेका छन् । राउत आफैँ पनि जेबी एग्रो फर्ममार्फत उत्पादन तथा बजारीकरणमा सक्रिय छन् । गाउँलेलाई बीउदेखि बजारसम्म सहयोग गर्ने प्रणालीले खेती विस्तारलाई सहज बनाएको छ । भोजपुर अकबरेको नयाँ पहिचान अकबरे खुर्सानी विस्तारसँगै भोजपुरले नयाँ पहिचान बनाउन थालेको छ । पहिलेदेखि खुकुरीको लागि चिनिने जिल्ला अब 'अकबरे हब' का रूपमा चिनिन थालेको छ । पौवादुङ्मा गाउँपालिकाका सबै वडामा व्यावसायिक खेती भइरहेको छ भने अरुण तथा भोजपुर नगरपालिकाका विभिन्न क्षेत्रमा पनि उत्पादन विस्तार भएको छ । करिब तीन हजार पाँच सयभन्दा बढी परिवार कुनै न कुनै रूपमा अकबरे खेतीमा जोडिएका छन् । कतिपय किसानले सय रोपनीसम्म जग्गामा व्यावसायिक खेती गरेका छन् । अकबरे खुर्सानीले भोजपुरका गाउँहरूमा आर्थिक मात्र होइन, सामाजिक परिवर्तन पनि ल्याइरहेको छ । रित्तिँदै गएका गाउँहरूमा फेरि युवाहरूको चहलपहल बढेको छ, परिवारहरू एकै ठाउँमा बस्न थालेका छन् र बाँझो जमिन फेरि जीवन्त बनेको छ । विदेशिने बाध्यता र बसाइसराइको दबाबबीच भोजपुरले देखाएको यो कृषि मोडेल अब अन्य जिल्लाका लागि पनि उदाहरण बन्न थालेको छ ।

*-हाम्रा कुरा डटकम*

# कमल राष्ट्रिय सुकर्म पुरस्कार शाक्यलाई



**पाल्पा,** असार २०/कमल राष्ट्रिय सुकर्म पुरस्कार (२०८२) पाल्पाका शिक्षाविद्, समाजसेवी, गणितज्ञ दिलबहादुर शाक्यलाई प्रदान गरिएको छ । शिक्षा स्वास्थ्य तथा साहित्य प्रतिष्ठान नेपाल पाल्पाले कमल राज रेग्मीको नाममा स्थापित सो पुरस्कारबाट शाक्यलाई सम्मान गरेको हो ।

प्रतिष्ठानले शनिबार एक औपाचारिक कार्यक्रमकाबिच शाक्लाई ५१ हजार नगद, दोसल्ला र सम्मान पत्रले पुरस्कृत गरेको छ । प्रमुख अतिथि जिल्ला समन्वय समिति पाल्पाका प्रमुख टंकनाथ खनाल, पुरस्कारका संस्थापक तथा प्रतिष्ठानका संरक्षक वरिष्ठ मुटुरोग विशेषज्ञ डा. प्रकाश राज रेग्मीले संयुक्त रुपमा शाक्यलाई सम्मान गरेका हुन् । सम्मानित व्यक्तिलाई बधाई दिँदै प्रमुख अतिथि खनालले पाल्पाको इतिहासमा शिक्षा साहित्य र राजनीतिको क्षेत्रमा स्वर्गीय कमलराज रेग्मीको अमूल्य योगदान रहेको बताए । उनले सात सालका क्रान्तिका कमाण्डर रेग्मीको नाममा सुपुत्रद्धारा पुरस्कार स्थापना हुनु पाल्पाको गौरवको कुरा भएको उल्लेख गरे । पुरस्कारका संस्थापक डा. रेग्मीले विभिन्न क्षेत्रबाट समाज र राष्ट्रलाई महत्वपूर्ण योगदान पुऱ्याउने व्यक्तिहरुको कदर स्वरुप पुरस्कार स्थापना गरिएको बताए ।

कार्यक्रममा तानसेन नगर कार्यपालिका सदस्य सविता भट्टराई , बुद्धिजीवी बासुदेव अर्याल, नेपाल पत्रकार महासंघ पाल्पाका उपाध्क्ष मुक्ति न्यौपाने, तानसेन -३ का वडा अध्यक्ष बाबुरत्न शाक्य लगायतले शुभकामना व्यक्त गरेका थिए । समारोहमा साहित्यकार रामप्रसाद अर्यालले कमलराज रेग्मीको व्यक्तित्व र योगदान माथि प्रकाश पारेका थिए । शिक्षाविद् बुद्धिप्रसाद शर्माले पुरस्कृत व्यक्तित्व दिलबहादुर शाक्यको चर्चा गरे । विभिन्न १० वटा आधारस्तम्भभित्र रहेर पुरस्कृत व्यक्ति छनौट गरिएको प्रतिष्ठानका सदस्य भोजराज भट्टराईले बताए । कार्यक्रममा कवि प्रेम खराल र तेजनारायण ढकालले कमलराज रेग्मीसंग सम्बन्धित कविता वाचन गरेका थिए । पुरस्कृत भएका शाक्यले प्रतिष्ठानले आफ्नो योगदानको कदर गरेकोमा धन्यवाद व्यक्त गरे । प्रतिष्ठानले यस अघि उक्त पुरस्कारबाट साहित्यकार झपेन्द्र जिसी, बैधराज विश्वमान बज्राचार्य, समाजसेवी राधा भारती, कलाकार अशोक आर्ट, शिक्षाविद् बुद्धिप्रसाद शर्मा, युनाइटेड मिसन अस्पताली प्रमुख डा. रचेल कारख र साहित्यकार पत्रकार मोहन दुवाललाई पुरस्कृत गरिसकेको छ । यस बर्ष कमल राज रेग्मीको शतवार्षिकी परेकोले विविध कार्यक्रम गरी मनाउने तयारी गरिएको प्रतिष्ठानका अध्यक्ष अध्यक्ष पुष्कर अथक रेग्मीले बताए । अध्यक्षात रेग्मीको अध्यक्षता, उपाध्यक्ष रोहित ज्ञवालीको स्वागत, कलाकार गायककार बुद्धरत्न शाक्यको स्वागत गीत र महासचिव चन्द्रकान्त न्यौपानेको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# रम्भाका १५ स्मार्ट...

...यसैगरी प्रत्येक महिना बच्चाको तौल तथा उचाई नापजाँच गरेको, बालभिटा खुवाएको, बच्चालाई नियमित रुपमा भिटामिन र जुकाको औषधी खुवाएको, बच्चा जन्मिएपछि हालसम्म कार्ड रुजु गरेको, आमा र बच्चाको सरसफाई नियमित रुपमा भएको, गर्भान्तर कम्तिमा २ बर्षको रहेको, आमा र बच्चा कुपोषित नभएको, धुम्रपान र मध्यपान नगर्ने आमा, बच्चाको जन्मदर्ता गरेको, महिनावरी स्वच्छता सम्वन्धी ज्ञान भएको जस्ता २२ वटा स्वास्थ्य सूचकहरु पुरा गर्ने आमाहरु स्माट आमाको रुपमा सम्मानित भएका हुन् । गाउँपालिकाका अध्यक्ष विष्णु प्रसाद भण्डारी, उपाध्यक्ष राधा कुमारी श्रेष्ठ, प्रमुख प्रशासकीय अधिकृत विर बहादुर पुन, विभिन्न वडाका वडा अध्यक्षहरु, स्वास्थ्य शाखा प्रमुख शिव प्रसाद अर्याल लगायतले टिकामाला, दोषल्ला लगाई स्माट आमाहरुलाई सम्मान गरे । गर्भ रहेदेखी बच्चा २ बर्षको उम्मेर हुँदा सम्मको २०८१ साल फागुन १ गते देखी २०८२ साल फागुन मसान्त सम्म १ हजार दिन पुरा भएका आमाहरुको २२ वटा स्वास्थ्य सूचकहरुको वडा वडाका स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी, महिला स्वयसेविकाका परिक्षण गरी ११० अंक ल्याएका मध्येमा प्रथम, द्धितिय र तृतिय स्थान ल्याएका स्मार्ट आमाहरुलाई पालिकाले उच्च मुल्याङ्कन गरी सम्मान गरेको हो । सम्मानित हुने स्मार्ट आमाहरुमा वडा नं १ बाट ३३ जना आमाहरु मध्ये, बोलकुमारी थापा, सरस्वती घर्ती, हेमा राना वडा नं २ बाट १७ जना आमाहरु मध्ये, सावित्रा सुनारी, धनिमाया सिंजाली, हेमा राना, वडा नं ३ बाट ४८ जना आमाहरु मध्ये उमा सारु थापा, सिता कुमारी भुल, टिका कुमारी झेडी, वडा नं ४ बाट २० आमाहरु मध्ये मनिषा मश्राङ्ग र वडा नं ५ बाट २० आमाहरु मध्ये यस्मिता केम्छाकी, निरमायाँ सिंजाली र केशरी सारु रहेका छन् । पालिकाबाट १३८ जना आमाहरु प्रतिष्पर्धामा सहभागी भएपनि १५ जना स्मार्टआमाहरु सम्मानित भएका हुन् । गाउँपालिकाले २०८७ साल जेठ मसान्तसम्म रम्भा गाउँपालिकालाई पोषणमैत्री स्थानीय शासन कार्यान्वयन भएको गाउँपालिका घोषणा गर्ने गरए तयारी अगाडि बढाएको छ । पोषणमैत्री गाउँपालिका घोषणा हुनको लागि स्वास्थ्य, महिला तथा बालवालिका, शिक्षा, खानेपानी, सरसफाई र स्वच्छता, कृषि, पशुपंक्षी र शासकीय स्वचछता गरी ७ वटा क्षेत्रबाट ५१ वटा सूचकहरु पुरा हुनुपर्ने प्रावधान रहेका छ । पालिकाको स्वास्थ्य शाखाले पोषण सम्वन्धी चालु आर्थिक बर्षमा भएका कामहरु कार्यक्रममा जानकारी गराएको छ । कम तौल भएका एक वटा पनि बच्चा नजन्मिएको, ६ महिना देखी ५ बर्ष सम्मका ७२४ जना बालबालिकाको स्वास्थ्य परिक्षणमा ८ जना मध्यम कुपोषित र १ जना कडा कुपोषित मात्र भेटिएको, पालिकाको सबै विद्यालयमा १० बर्ष देखी १९ बर्ष सम्मका ४३५ जना किशोरीहरुको रक्तअल्पता परिक्षण गरेको जसमा २६ जना मोडेरट र ५६ जना मिल्ड लक्षण देखिएको, ४२६ जना आमाहरुलाई तरकारी विऊ विजन वितरण गरेको, १७३ जना गर्भवती महिलाहरुलाई पानी शुद्धिकरण गर्ने स्टिल फिल्टर वितरण गरेको, वडा नं १ हुँगी र वडा नं ३ पिपलडाँडा स्वास्थ्य चौकीलाई पोषणमैत्री संस्था घोषणा गरिएको, बालबालिकाहरुलाई पोषण स्वास्थ्य समस्या समाधानको लागि ४ वटा ओटिसी उपचार केन्द्र सञ्चालनमा आएको पालिका स्वास्थ्य शाखा प्रमुख शिव प्रसाद अर्यालले जानकारी गराए ।

## खेलकुद समाचार

### विश्वकप फुटबलमा कोलम्बिया अन्तिम १६ मा



**काठमाडौं,** असार २०/फिफा विश्वकप फुटबलको नकआउट चरणको अन्तिम खेलमा घानालाई हराउँदै कोलम्बिया अन्तिम १६ मा प्रवेश गरेको छ । अमेरिकाको कन्सास सिटी रङ्गशालामा शनिबार भएको खेलमा कोलम्बियाले घानालाई १ गोलले हरायो । उसले खेलको १४ औँ मिनेटमा गरेको गोल नै निर्णायक भयो । कोलम्बियाका जोन आरियासले गोल गरेका हुन् । कोलम्बिया समूह 'के' को विजेता र घाना समूह 'एल' बाट तेस्रो स्थानमा रहने उत्कृष्ट टोली बनेर नकआउटमा पुगेका हुन् । फुटबल इतिहासमा यी दुई टोलीबीच पहिलो पटक प्रतिस्पर्धा भएकोमा कोलम्बिया विजयी भयो । योसँगै विश्वकप फुटबलमा अन्तिम-१६ को समिकरण पनि पुरा भएको छ । अब प्रि-क्वाटरफाइनलमा क्यानडा र मोरक्को, पाराग्वे र फ्रान्स, अमेरिका र बेल्जियम, पोर्चुगल र स्पेन, ब्राजिल र नर्वे, मेक्सिको र इङ्गल्यान्ड, अर्जेन्टिना र इजिप्ट तथा स्विट्जरल्याण्ड र कोलम्बियाले खेल्ने भएका छन् ।


**वर्गिकृत डिस्प्ले**

१X५ साइजमा मात्र

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

### गरिमा बैंकलाई 'सिल्भर अवार्ड'




**पाल्पा,** असार २०/गरिमा विकास बैंकले सिल्भर अवार्ड २०२५ प्राप्त गरेको छ । बैंकले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (आईक्यान) द्वारा वार्षिक रुपमा प्रदान गरिने उत्कृष्ट वार्षिक प्रतिवेदन (बीपीए) सिल्भर अवार्ड प्राप्त गरेको हो ।

विभिन्न कम्पनीले प्रकाशित गर्ने वार्षिक प्रतिवेदनको पारदर्शिता, उत्तरदायित्व र सुशासनसम्बन्धी मापदण्डलाई आधार मानी आईक्यानबाट प्रदान गरिने यो अवार्डमा विकास बैंकले प्रकाशित गरेको आव २०८१/८२ को वार्षिक प्रतिवेदनको आधारमा विकास बैंक समूहबाट गरिमा सम्मानित भएको हो । आईक्यान अध्यक्ष सीए निलबहादुर सारु मगरले बैंकका सीईओ माधवप्रसाद उपाध्याय र लेखा विभाग प्रमुख केशव तिमल्सिनालाई उक्त अवार्ड हस्तान्तरण गरेका थिए । आईएसओ ९००१:२०१५ र आईएसओ २७००१:२०२२ मान्यता प्राप्त बैंकले न्यू बिजनेस एजद्वारा २०२६ मा आयोजित न्यूबिज कन्क्लेभ एन्ड बिजनेस एक्सिलेन्स अवार्डस् संस्करणमा 'बेस्ट म्यानेज्ड डेभेलपमेन्ट बैंक २०२६' बाट र कर्पोरेट बिजनेस म्यागजिनद्वारा जुन १८ मा आयोजित कर्पोरेट बिजनेस अवार्ड एन्ड समिट २०२६ मा विकास बैंक समूहतर्फ 'डेभलपमेन्ट बैंक अफ द इयर २०२६' बाट समेत सम्मानित भएको थियो । हाल, गरिमा विकास बैंकका देशभर १२६ शाखा कार्यालय सञ्चालनमा छन् । ५१ एटिएम एवं नविनतम डिजिटल बैंकिङ मार्फत करिब ९ लाख ग्राहकहरूलाई सरल, सुरक्षित एवं गुणस्तरीय सेवा प्रदान गर्दै आइरहेको छ ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई